नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
(सूचना प्रविधि शाखा)
ताहाचल, काठमाडौं, नेपाल

प.सं. ०७९/८०
च.नं. १४०६

फोन नं. ४०३०५४५, ४०३०५१८
फ्याक्स: ४०३०६४२

मिति: २०८०/०२/१०

## सार्वजनिक बिदामा विद्युतीय खरिद प्रणालीमा सम्बन्धित सार्वजनिक निकाय आफैले बोलपत्रको म्याद थप गर्ने सम्बन्धी सूचना

सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा सञ्चालनमा ल्याइएको विद्युतीय खरिद प्रणाली (e-GP System) प्रयोग गरि गरिने खरिद कार्यको बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको अनलाइन दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन आकस्मिक रूपमा सार्वजनिक बिदा पर्न गएमा सो सम्बन्धी जानकारी सार्वजनिक बिदा घोषणा भएका क्षेत्र भित्रका सार्वजनिक निकायलाई हुनेनै हुँदा सार्वजनिक निकाय आफैले विद्युतीय खरिद प्रणाली (e-GP System) मा बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउ पत्रको अनलाइन दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदाको भोलिपल्ट हुने गरि विद्युतीय खरिद प्रणालीमा अवधि थप गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै समयमै म्याद थप नगरेको कारणबाट सिर्जित हुने समस्याको जिम्मेवारी समेत सम्बन्धित सार्वजनिक निकायको हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

(प्रदिप गिरी) ०८०।२।१०
शाखा अधिकृत